# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/११/०२**

**सूचना नं. ५/२०७८/०७९**

गौमुखी गाउँपालिकाको कार्यालय पुजा, प्यूठानको आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निम्न कार्य ठेक्कापट्टाद्वारा गराउनुपर्ने भएकाले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुले नविकरण भएको व्यवसायीकर्ताको ईजाजतपत्र, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर बापतको रकम रु. १०००।०० पछि फिर्ता नहुने गरी बुझाएको नगदी रसीद संलग्न राखी नेपाल एस बि आई बैंकको राजस्व खाता नं. ४१४९५२४१२०७००४ र धरौटि खाता नं. ४१४९५२४१२०७००२ मा मिति २०७८/११/१६ सम्म www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन । ईच्छुक निर्माण व्यवसायीहरुले दरभाउपत्र सम्बन्धी कागजात रितपूर्वक भरी तल तालिकामा उल्लेख भएको रकम बराबरको कम्तिमा ७५ दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट जारी गरिएको दरभाउपत्र जमानी प्रत्येक दरभाउपत्र साथ अलग संलग्न राखी मिति २०७८/११/१७ गते दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np/egp दर्ता गरिसक्नु पर्ने छ । पेश भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७८/११/१७ गते दिनको दिउसो १:०० बजे यस कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

**निर्माण कार्यको विवरण**

| क्र.सं. | निर्माण कार्यको विवरण | ठेक्का नम्बर | लागत अनुमान रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | भुमेकाथान प्रा.वि. नारिकोट भवन निर्माण | 11-GRM-PYU-SQ-Works/2078/079 | ८,४९,०७८।५८ | २५,०००।०० |
| २ | भानु प्रा.वि. खुइ भवन निर्माण | 12-GRM-PYU-SQ-Works/2078/079 | ८,४९,५३३।८० | २५,०००।०० |

**नोट : विस्तृत जानकारीको लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन अनुरोध छ ।**

# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

## खानेपानी पाईप तथा ग्याविन जालि खरिदको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना खरिद नं: २/०७८/०७९**

**दोस्रो पटक सूचना प्रकाशित मिति :२०७८/११/०१**

यस गौमुखी गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार **खानेपानी पाईप तथा ग्याविन जालि खरिद** सामाग्रीहरु शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता, कम्पनी, फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिएको छ।

**शर्तहरु**

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, मान्याता प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपि, प्रोपाइटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा संलग्न राखी लिखित निवेदन पेश गरी रु १०००। राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस गौमुखी गाउँपालिकाको राजश्व खाता नं. ४१४९५२४१२०७००४ वडा नं. ५ ठुलावेसी कार्यालय, प्यूठानबाट खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउपत्र पेश गर्ने ठेगाना **www.bolpatra.gov.np/egp** रहेको छ।

२) खरिद गरिएको शिलवन्दी दरभाउपत्र फाराम, सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजेभित्र **www.bolpatra.gov.np/egp** मा पेश गरिसक्नुपर्नेछ। सो शिलवन्दी दरभाउपत्र खोल्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र फाराम साथ पेश गर्नु पर्नेछ।

४) शिलवन्दी दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरे वमोजिमको जमानत रकम गौमुखी गाउँपालिकाको नाममा नेपाल एस.वि.आई वैंक लिमिटेड शाखा कार्यालय, ठुलावेसी, प्यूठानमा रहेको खाता नं. ४१४९५२४१२०७००२ मा दाखिला गरेको सक्कलै वैंक भौचर वा यस गौमुखी गाउँपालिकाको नाममा नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल वैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५) दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउँमा दायाँवायाँ हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन।

६) दरभाउपत्रदाताले सप्लाई गर्ने तार जाली तथा पाईप खरिद सामाग्रीहरु मान्यता प्राप्त कम्पनीको हुनुपर्नेछ।

७) म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

८) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस गौमुखी गाउँपालिकाको कार्यालयमा बुझ्न सकिने छ।

९) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ। एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ।

१०) दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनको हुनुपर्नेछ।

११) आफूले सप्लाई गर्ने प्रत्येक **खानेपानी पाईप तथा ग्याविन जालि खरिद** सामाग्रीहरु उत्पादक कम्पनीको नाम स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ।

१२) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ।

**तपसिल**

| क.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रको दस्तुर | लागत अनुमान (मु.अ.क.बाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | खानेपानी पाईप खरिद | १,०००।०० | रु. १७,६८,६६१।४५ | रु. ४५,०००।०० | |
| २ | २/०७८/०७९ | ग्याविन जाली खरिद कार्यक्रम | १,०००।०० | रु. १३,२६,५५३।६६ | रु. ३४,०००।०० | |